# रूपा गाउँपालिका

कास्की जिल्ला, गण्डकी प्रदेश, नेपाल

# रूपा गाउँपालिका राजपत्र

## गाउँ कार्यपालिकाद्वारा प्रकाशित

खण्डः ४ संख्याः११ मितिः २०७७/०६/११


भाग — २

# रुपा गाउँपालिका कास्कीको भूमी बैंक कार्यक्रम सञ्चालन कार्यीविधि, २०७७

प्रस्तावनाः

रुपा गाउँपालिकाको समृद्धिका लागि भूमि र भूमिश्रोतको समुचित उपयोग र व्यवस्थापन आवश्यक छ । राष्ट्रिय भूमि नीति, २०७५ को अधिनमा रही भूमिसम्बन्धी पहूँच, उपयोग तथा व्यवस्थापन जस्ता सवालहरूको दिगो र स्थायी समाधान तथा बाँझो रहेका भूमिलाई उर्वर बनाउने हेतुले गाउँपालिका भित्र प्रसस्त बाँझा कृषि योग्य भूमि रहेको र अर्कोतिर वास्तविक किसानको पहूँचमा उत्पादन बृद्धि गर्ने जग्गा जमिन नरहेको यथार्थलाई शिरोधार्य गरी ठूलो क्षेत्रफलमा जग्गा तथा जमिन भाडामा लिएर खेती गर्न रूपा गाउँपालिकाले "भूमि बैंक" को अवधारणा बमोजिम नेपालको भूउपयोग ऐन, २०७६ ले आवश्यकता अनुसार स्थानीय तहमा भूमि बैंक स्थापना गर्न सक्ने स्पष्ट व्यवस्था गरिएको छ । यसै अनुरूप यस गाउपालिकामा आ व २०७७/७८ मा भूमि बैंक स्थापनाका लागि बजेट समेत विनियोजन गरिएकोमा सो कार्यक्रम पारदर्शी र प्रभावकारी बनाउन आवश्यक भएकोले,

रूपा गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ दफा ४ ले दिएको अधिकार प्रयोग गरी रूपा

गाउँ कार्यपालिकाले मिति २०७७ असोज ७ को निर्णयअनुसार देहायका नियमहरु वनाएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

१) यस कार्यविधिको नाम **“ रूपा गाउँपालिका कास्कीको भूमि बैंक कार्यक्रम संचालन कार्यविधि, २०७७”** रहेको छ ।

२) यस कार्यविधि रुपा गाउँकार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ ।

३) यस कार्यविधि रुपा गाउँपालिका भर लागु हुनेछ ।

**२. परिभाषा :**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क. **“भूमि बैंक”**भन्नालेगाउँपालिका भित्र ठूलो क्षेत्रफलमा जग्गा तथा जमिन भाडामा लिएर कृषि कार्य वा पशुपालन वा साना, लघु तथा घरेलु उद्योगमा लगानी गर्ने अवधारणालाई सम्झनु पर्दछ । यसले प्रयोग नभएका, बाझो, वेवारिसे, खाली छोडिएको

जग्गालाई कुशलतापूर्वक व्यवस्थापन र विकास गर्ने अवधारणालाई समेत जनाउादछ ।

ग. **कृषि कार्य** भन्नाले कृषिसँग सम्बन्धित (फलफूल, तरकारी, नगदे बाली, तेलहन बाली, दलहन तथा अन्नबाली) खेती र कृषि उपज, भण्डारण, प्रशोधन तथा विक्रि वितरण, विविधिकरण र कृषि सँग सम्बन्धित साना व्यवसाय सम्झनु पर्दछ ।

घ. **पशुपंक्षीपालन** भन्नाले (गाईभैसीपालन, बाख्रापालन, वंगुरपालन, माछापालन, कुखुरापालन, टर्कीपालन तथा हाँसपालन) र पशुजन्य पदार्थ (दुध, मासु, अण्डा) प्रशोधन तथा विक्रि वितरण, विविधिकरण गर्ने साना व्यवसाय सम्झनु पर्दछ ।

घ. **साना, लघु तथा घरेलु उद्योग**भन्नाले औद्योगिक व्पवसाय ऐन, २०७३ ले परिभाषित गरेको उद्योग सम्झनु पर्दछ ।

च. **समिति** भन्नाले दफा ७ बमोजिम गठन भएकोप्रस्ताव छनौट समिति र दफा ११ बमोजिम गठन भएको जग्गा भाडा निर्धारण समिति लाई जनाउँदछ ।

छ. **गाउँपालिका** भन्नाले रुपा गाउँपालिकालाई जनाउँदछ ।

ज. **वडा कार्यालय** भन्नाले रुपा गाउँपालिकाका प्रत्येक वडाहरूलाई जनाउँदछ ।

**३. कार्यक्रम संचालनको उद्देश्य :**

यस कार्यविधि अनुसार कार्यक्रमको उद्देश्य देहायबमोजिम हुनेछ ।

क) जग्गाजमिन बाँझो राख्ने प्रवृतिलाई न्यूनिकरण गर्न ।

ख) लगानीको दायरा बढाई युवाहरूमा उद्यमशीलता बढाउन ।

ग) गाउँपालिका भित्रका बाझा जग्गाजमिन भाडामा लिई आन्तरिक तथा बाह्य लगानी भित्र्याउन ।

घ) शिक्षित र उत्साही युवाहरूलाई कृषि तथा उद्यम मुलक व्यवसायमा आकर्षित गरी स्वरोजगारी सिर्जना गराउन ।

ङ) फलफूल, तरकारी, खाद्यान्न तथा अन्य पशु जन्य बस्तुको उत्पादन र उत्पादकत्व वृद्धि गरी गाउँपालिकालाई आत्मनिर्भर बनाउन ।

**४. कार्यक्रमको औचित्य:**

कृषियोग्य जमिनको परिप्रेक्ष्यमा कुनै व्यक्ति वा कृषकले आफ्नो कृषियोग्य जमिन कृषिकार्य गर्न

नसकेको अवस्थामा गाउापालिकामा स्थापना भएको भूमि बैंकको जिम्मामा दिने र बैंकले अन्य कृषक/लगानीकर्ता जग्गा उपलब्ध गराई कृषिलाई निरन्तरता दिलाउने उद्देश्यले नै भूमि बैंकको स्थापना गरिएको हो । भूमि बैंकले उद्योग लगायत अन्य भू-उपयोगको सम्भावनालाई समेत समेट्छ ।

## परिच्छेद २
## कार्यक्रम संचालन विधि

**५. कार्यक्रम संचालनः**

क) यस कार्यक्रम रुपा गाउँपालिकाको कार्यालय वा भूमि बैंक शाखा स्थापना गरी सो मार्फत कार्यक्रम संचालन गरिनेछ ।

ख) भूमी वैंक सञ्चालनसंग सम्वन्धीत कार्यक्रमहरू जस्तै जग्गाको लगन राख्ने, जग्गा संकलन गर्ने, जग्गा दातासंग गाउंपालिकाको तर्फवाट सम्झौता गर्ने, उक्त जग्गालाई वैंकको रूपमा पञ्जीकरण गर्ने कार्य भूमी वैंक शाखाले गर्नेछ ।

**६. प्रस्ताव माग गर्ने :**

१) खेर गैरहेको उत्पादनशील जमिनलाई कार्यान्वयन गर्न यस कार्यक्रममार्फत भूमि बैंक स्थापना र कार्यान्वयन गर्ने उद्देश्यले गाउँपालिकाले २१ दिने म्याद दिई प्रस्ताव आव्हानको सार्वजनिक सूचना प्रकाशन गर्नुपर्नेछ । उक्त सूचना प्रत्येक वडा कार्यालयहरुको सूचना पाटीमा समेत टाँस गरिनेछ । मागको प्रकृति हेरेर शाखाले म्याद थप गर्न सक्नेछ ।

२) सूचना प्रकाशन पश्चात् आवेदकले निवेदनका साथ देहाय बमोजिमका कागजातहरू गाउँ कार्यपालिकाको कार्यालयमा पेश गर्नुपर्दछ ।

क) निवेदकको नेपाली नागरिकताको प्रतिलिपि ।

ख) माग निवेदनका साथ जग्गा धनी प्रमाण पुर्जाको प्रतिलिपि ।

घ) सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।

## ७. प्रस्ताव छनौट समिति

१) कार्यक्रम संचालनका लागि **प्राप्त निवेदनहरुको मुल्याङ्कन र छनौट**, तथा **आवश्यकता अनुसार अनुगमन गर्न गाउापालिका स्तरीय** ९ सदस्यीय समिति गठन गर्नेछ ।

| क्र.स | | | संख्या |
|---|---|---|---|
| १. | अध्यक्ष, रुपा गाउँपालिका | संयोजक | १ |
| २. | उपाध्यक्ष, रुपा गाउँपालिका | सदस्य | १ |
| ३. | आर्थिक प्रशासन शाखा प्रमुख, रुपा गाउँपालिका | सदस्य | १ |
| ४. | कृषि विकास शाखा प्रमुख, रुपा गाउँपालिका | सदस्य | १ |
| ५. | पशु सेवा शाखा प्रमुख, रुपा गाउँपालिका | सदस्य | १ |
| ६. | प्रशासन शाखा, रुपा गाउँपालिका | सदस्य | १ |
| ७. | प्राविधिक शाखा प्रमुख | सदस्य | १ |

| | | | |
|---|---|---|---|
| ८. | अमिन | सदस्य | १ |
| ९. | प्रमुख प्रशासकीय अधिकृत, रुपा गाउँपालिका | सदस्य सचिव | १ |
| | | जम्मा | ९ जना |

२) उक्त समितिले बैठकमा बढीमा २ जाना व्यक्तिहरूलाई समेत आमन्त्रण गर्न सक्नेछ ।

**८. जग्गा मुल्याङ्कनका आधार :**

१) समितिले दफा ५ बमोजिम प्राप्त निवेदनहरुलाई मुल्याङ्कन गर्ने आधार तपशील बमोजिम हुनेछ ।

१. जग्गाको सिमाना स्पष्ट रूपमा छुट्टिएको/नछुट्टिएको ।

२. जग्गाको निकास भएको/नभएको ।

३. जग्गा वरपर खानेपानीको मुहान वा पानीको स्रोत भएको/नभएको ।

४. जग्गा वहालमा दिने/लिने अवधि

९. जग्गा भाडामा दिन चाहने व्यक्तिहरूको जग्गा विवरण संकलन:

१. दफा ५ (१) अनुसार एकल वा सामुहिक गरी एउटै क्लस्टरमा न्युनतम २० रोपनी बाँझा जग्गाजमिन भएको विवरण संकलन गरिनेछ ।

२. कृषकहरूले जग्गा भाडामा दिन नचाहेमा स्वयम् आफैले खेती गरेको हुनुपर्नेछ र जग्गा बाँझोराख्न पाउने छैनन् ।

३. जग्गा बाझो राख्ने र जग्गा भाडामा पनि दिन नचाहने कृषकलाई जग्गा बाँझोराखे वापत जरिवाना स्वरूप करको दायरा बढाइनेछ ।

४. गाउँपालिकाले आवश्यकता अनुसार GPS Tracking तथा अन्य प्रविधि प्रयोग गरी रुपा गाउँपालिका भर बाँझा रहेका जग्गाजमिनको विवरण अद्यावधिक गर्न सक्नेछ ।

५. संकलन भएका बाझा जग्गाहरूको विवरण गाउँपालिकामा रहेको भूमि बैंक शाखामा भूउपयोग ऐन, २०७६ अनुसार जग्गा बर्गिकरण गरी अभिलेख राखिनेछ ।

६. भूमि बैंकमा मौजाद भएका सम्पूर्ण जग्गाजमिनहरू न्यूनतम ५ वर्ष देखि २५ वर्षका लागि जग्गाको भुबनोट र वातावरणमा प्रतिकुल

असर नपर्ने गरी गाउँपालिका मार्फत आन्तरिक तथा बाह्य लगानीकर्ताहरूले भोगचलन गर्न पाउने भनी सम्झौता सम्बन्धित जग्गा धनीहरूसँग गरिनेछ ।

## १०. आवश्यक पूर्वाधार विकास र लगनीकर्तामा सूचना प्रवाह:

१. एउटै क्लस्टरका न्युनतम २० रोपनी बाँझा जग्गाजमिन भूमि बैंकमा मौजाद भए पश्चात गाउँपालिकाले आवश्यकता अनुसार **जलस्रोत तथा विजुली** जस्ता पूर्वाधारहरूको विकास गर्नेछ ।

स्पष्टिकरण:

१. जलस्रोत पूर्वाधारहरूको विकास जग्गा वरपर पानीको मुहान वा पानीको स्रोत भएको हुनुपर्ने ।

२. विद्युतपूर्वाधारहरूको विकासका निम्ति सम्बन्धित जग्गा सम्म विजुली ल्याउने सहमति सम्बन्धित जग्गाधनीले व्यवस्था गनुपर्नेछ ।

२. **बाटो, पानीतथा विजुली** जस्ता पूर्वाधारहरूको संरचना सुनिश्चितच गर्दै गाउँपालिकाले लगानीकर्तालाई तोकिएको क्षेत्रमा (कृषि कार्य वा पशुपालन वा साना, लघु तथा घरेलु उद्योगमा) लगानीका लागि ३५ दिने सार्वजनिक सूचना मार्फत सूचित गरिनेछ ।
३. सूचनामा भूमि बैंकमा मौजाद भएका जग्गाको स्थान, जग्गाको वर्गीकरण, क्षेत्रफल आदि कुराहरू उल्लेख गरिनेछ ।
४. भूमि बैंकमा मौजाद भएका सम्पूर्ण जग्गाको अनुगमन आन्तरिक तथा बाह्य लगानीकर्ताहरूले गर्न सक्नेछन् र आफ्नो अनुकुलको जग्गा रहेको व्यहोरा गाउँपालिकालाई निवेदन मार्फत जानकारी गराउन सक्नेछन् ।
५. सूचना प्रकाशित गरे पश्चात लगानीकर्ताले लगानी गर्न नआएमा गाउँपालिकाले समय अनुकुल लगानी सम्मेलन समेत राख्न सक्नेछ ।

## परिच्छेद ३
## जग्गा भाडा निर्धारण समिति

**११.भाडा निर्धारण समिति**

१) कार्यक्रम संचालनका लागि भूमि बैंकमा मौजाद भएका सम्पूर्ण जग्गाहरूको भाडा निर्धारण गर्न तपशील बमोजिम ८ सदस्यीय **जग्गा भाडा निर्धारण समिति** गठन हुनेछ ।

| क.स | | | संख्या |
|---|---|---|---|
| १. | अध्यक्ष, रुपा गाउँपालिका | संयोजक | १ |
| २. | उपाध्यक्ष, रुपा गाउँपालिका | सदस्य | १ |
| ३. | सम्बन्धित वडाका वडाध्यक्ष वा जनप्रतिनिधि | सदस्य | १ |
| ४. | कृषि वा भूमि क्षेत्र हेर्ने कार्यपालिका सदस्य | सदस्य | १ |
| ५. | भूमि बैंक शाखा हेर्ने कर्मचारी | सदस्य | १ |

| | | | |
|---|---|---|---|
| ५. | अध्यक्षले तोकेको सोही स्थानका २ वुद्धिजिवी | सदस्य | २ |
| ६. | प्रमुख प्रशासकीय अधिकृत, रुपा गाउँपालिका | सदस्यसचिव | १ |
| | | जम्मा | ८ जना |

२) उक्त समितिले बैठकमा बढीमा २ जाना व्यक्तिहरूलाई आमन्त्रण समेत गर्न सक्नेछ ।

३) तोकिएको भाडा समयानुकुल हुनु पर्नेछ र गाउँपालिकाले लगानीकर्तासँग प्रत्येक २/२ वर्षमा भाडा समायोजन गर्ने गरी सम्झौता गर्नुपर्नेछ ।

४) भाडा निर्धारण भई लगानीकर्तासँग सम्झौता गरे पश्चात्गाउँपालिकाले जग्गाधनीलाई नियमानुसार कर कट्टी गरी भाडा बापतको रकम उपलब्ध गराउनेछ ।

## परिच्छेद ४
## जग्गा भोगचलन र जग्गा फिर्ता

१२. सम्बन्धित जग्गाधनीले भूमि बैंकमा आफ्नो जग्गा मौजाद गरे पश्चात् पनि लगानीकर्ताले सो जग्गामा लगानी गर्न इच्छुक नभइन्जेलसम्म जग्गाधनी स्वयंले सो जग्गा भोगचलन गर्न बाधा पुग्ने छैन ।

१३. लगानीकर्ताले भूमि बैंकमा मौजाद भएका जग्गामा लगानी गर्दा जग्गा चक्लाबन्दी र केही स्थायी संरचना निर्माण गर्नु परेमा गाउँपालिकालाई जानकारी दिनुपर्नेछ ।

१४. गाउँपालिकाले दफा १३ का विषयमा भने दफा १० बमोजिम गठित समिति र सम्बन्धित जग्गाधनीसँग छलफल गरी सो बारेमा निर्णय दिन सक्नेछ ।

१५. लगानीकर्ताले जग्गा भोगचलन गर्दा प्राविधिक रूपले सम्भाब्य र वातावरण प्रतिकूल प्रभाव नपार्ने खालको लगानी गर्नुपर्नेछ । माटो, जलबायु तथा भु□ बनोटलाई गम्भीर प्रभाव पार्ने र दिगो विकासमा असर गर्ने खालको क्षेत्रमा लगानी गर्न पाउने छैनन् ।

१६. सम्झौताअनुसारको समय सिमा नकट्ने गरी लगानीकर्ताले भोगचलन गर्दै आएको जग्गा गाउँपालिकालाई अनिवार्य रूपमा फिर्ता गर्नुपर्नेछ । गाउँपालिकाले सम्बन्धित जग्गाधनीसँग पुनः लगानी

गर्न आव्हान गर्ने वा नगर्ने भन्ने विषयमा जग्गा धनी, गाउँपालिका र लगानीकर्ता बीच आपसी छलफल गरी सो बारे निर्णय गर्नेछ ।

१७. एक पटक लगनी भई ५ वर्ष देखि २५ वर्ष सम्म भोगचलन गरेको जग्गामा दफा १६ अनुसार जग्गाधनीको इच्छा विपरित गाउँपालिकाले कार्य गर्ने छैन ।

१८. नियमानुसार गाउापालिका, लगानीकर्ता र जग्गाधनी वीच आपसी समझदारीमा न्यूनतम अवधिकालागि जग्गा उपलब्ध गराउने सम्झौता भए पश्चात् जग्गा धनीले जग्गा बेचविखन गर्न पाउने छैन । सम्झौता अवधि भित्र जग्गा धनीले जग्गा बेचविखन गर्नु पर्ने वाध्यात्मक परिस्थिति वा लिलाम हुने अवस्था आएमा लगानीकर्ताले गरेको सम्पूर्ण लगानीको क्षतिपूर्ति जग्गा धनीले उपलब्ध गराउनु पर्नेछ ।

## परिच्छेद ५

## अनुगमन समिति सम्वन्धी व्यवस्था

**१८. अनुगमन समिती :**

१) कार्यक्रम प्रभावकारी बनाउन गाउँपालिका स्तरीयअनुगमन समिति तपशील बमोजिम गठन

हुनेछ र समितिले आवश्यकता अनुसार अनुगमन गर्न सक्नेछ ।

| क्र.स | | | संख्या |
|---|---|---|---|
| १. | अध्यक्ष, रुपा गाउँपालिका | संयोजक | १ |
| २. | उपाध्यक्ष, रुपा गाउँपालिका | सदस्य | १ |
| ३. | आर्थिक प्रशासन शाखा प्रमुख, रुपा गाउँपालिका | सदस्य | १ |
| ४. | कृषि विकास शाखा प्रमुख, रुपा गाउँपालिका | सदस्य | १ |
| ५. | पशु सेवा शाखा प्रमुख, रुपा गाउँपालिका | सदस्य | १ |
| ६. | प्रशासन शाखा, रुपा गाउँपालिका | सदस्य | १ |
| ७. | प्राविधिक शाखा | सदस्य | १ |

| | | | |
|---|---|---|---|
| ८. | नेमिन | सदस्य | १ |
| ९. | प्रमुख प्रशासकीय अधिकृत, रुपा गाउँपालिका | सदस्य सचिव | १ |
| | | जम्मा | ९ जना |

२) समितिले यस कार्यक्रमको अनुगमन निरीक्षण गरी आवश्यक निर्देशन समेत दिन सक्नेछ ।

३) दफा १८ (२) बमोजिमको निर्देशन पालना गर्नु ऋणीको कर्तव्य हुनेछ ।

४) सम्झौता अनुरूप वातावरण, जलवायु तथा भु बनोट लाई प्रभाव पारी कार्यविधिमा तोकिएको क्षेत्र भन्दा बाहिर वा अन्यत्रै लगानी गर्ने लगानीकर्तालाई प्रचलित कानुन बमोजिम कारवाही गरि जग्गा भोगचलन गर्न समेत रोक लगाइनेछ ।

५) कार्यविधिमा उल्लेख भएका सर्तहरू पालना नगरेको खण्डमा गाउपालिकाले प्रचलित कानुन बमोजिम कारवाही गर्न बाधा पुग्ने छैन ।

**१९. वाधा अड्काउ फूकाउ** :यस कार्यविधि कार्यान्वन सम्बन्धमा कुनै द्विवीधा भएमा सो को निरूपण

तोकिएको शाखा वा स्वयम् गाउँपालिकाले नै गर्नेछ ।यस कार्यबिधिमा उल्लेख भएका बाहेक अन्य कुराहरू बिद्यमान मान्यता,कार्यबिधि र प्रचलित नियम कानुन बमोजिम हुनेछ ।

२०. **संशोधन** : यो कार्यविधि गाउँ कार्यपालिकाले आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ ।

अनुसूचि १

**भूमि बैंक कार्यक्रम** संचालनको लागि आवेदन पेश गर्ने सम्बन्धी ।

**भूमि बैंक कार्यक्रम** संचालनको लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना।

**प्रथम पटक प्रकाशित मिति : .....................**

रुपा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको आ. व २०७७/७८ को स्वीकृत वार्षिक कृषि कार्यक्रम अन्तर्गत **भूमि बैंक कार्यक्रम**संचालनका लागि उक्त कार्यक्रमको कार्यविधि २०७७ अनुसार कुनै व्यक्ति वा कृषकले आफुले कृषियोग्य जमिनमा कृषिकार्य गर्न नसकेको अवस्थामा गाउपालिकामा स्थापना भएको भूमि बैंकको जिम्मामा दिने र बैंकले अन्य कृषक/लगानीकर्ता जग्गा उपलब्ध गराई कृषिलाई निरन्तरता दिलाउने उद्देश्यले रुपा गाउँपालिका भरका इच्छुक कृषक/व्यक्तिले सो कार्यक्रममा भाग लिन चाहेमा सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र रितपुर्वक तोकिएको ढाँचामा निवेदन र आवश्यक कागजात सहित आ आफ्नो वडा कार्यलयमा पेश गर्नका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**आवश्यक कागजातहरू**

क) निवेदकको नेपाली नागरिकताको प्रतिलिपि ।

ख) तोकिएको ढाँचामा तयार गरेको माग निवेदन ।

ग) जग्गा धनी प्रमाण पूर्जाको प्रतिलिपी ।

**भूमि बैंक कार्यक्रमको मापदण्ड**

क) एउटै क्लस्टरमा सामुहिक वा व्यक्तिगत न्यूनतम १५ रोपनी जग्गा हुनुपर्ने ।

ख) जग्गाको निकास तथा जग्गाको सिमाना स्पष्ट रूपमा छुट्टिएको हुनुपर्ने ।

ग) कार्यविधिमा उल्लेख भएका नियमहरू अनिवार्य रूपमा पालना गर्नुपर्ने ।

थप जानकारीका लागि सम्वन्धित वडा कार्यालय वा कृषि विकास शाखामा सम्पर्क गर्नुहोला ।

फोन नं ९८४६४४१९२१

अनुसूचि २

अनुसूची २ : **भूमि बैंक कार्यक्रम** संचालनको लागि आवेदन पेश गर्न निवेदनको ढाँचा सम्बन्धी ।

मिति...............................

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
रूपा गाउँ कार्यपालिकाको कार्यालय,
रूपाकोट, कास्की ।

विषय:**भूमि बैंक कार्यक्रममा जग्गा उपलब्ध गराउने** सम्बन्धमा ।

महोदय,

उपरोक्त विषय सम्बन्धमा यस रूपा गाउँपालिका ........ नं वडा स्थित ........................................... निवासी हामी १)...................................... २) ..............................
३)..................................
४)..................................को नाममा रहेको कित्ता नं क्रमशः ................... ...................... ................ ............ र क्षेत्रफल क्रमशः

.................... जग्गा तहा कार्यालयको मिति .................... मा प्रकाशित सुचना बमोजिम **भूमि बैंक कार्यक्रमका लागि उपलब्ध** गराउन इच्छुक भएकाले यो निवेदन पेश गरेको छु । छौं । हामीले यस कार्यक्रम अन्तर्गत अपनाउनु पर्ने नीति तथा कार्यविधिहरू सम्पुर्ण रूपमा बुझेका छौं र त्यसै अनुसार पूर्ण रूपमा सहमत छौं । यसका लागि आवश्यक कागजातहरू समावेश गरी पेश गरेका छौं । तसर्थ उक्त कार्यक्रममा मलाई । हामीलाई समावेश गरिदिनुहुन विनम्र अनुरोध गर्दछौं ।

| क्र.स | एउटै क्लस्टमा उपलब्ध हुने कुल जग्गाको क्षेत्रफल | बाटोको निकास भएको नभएको | विद्युत पहूाच भएको नभएको | पानीको स्रोत भएको नभएको | कति बर्ष भूमि बैंकमा जग्गा उपलब्ध गराउन चाहेको | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |

**निवेदक**

अनुसूचि ३

**भूमि बैंक कार्यक्रम**संचालनको लागि लगानीकर्ताको आवेदन पेश गर्ने सम्बन्धी ।

**विषय: भूमि बैंक कार्यक्रम**संचालनको लागि लगानीकर्ताको प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना।

**प्रथम पटक प्रकाशित मिति :** ....................

रुपा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको आ. व २०७७/७८ को स्वीकृत वार्षिक कृषि कार्यक्रम अन्तर्गत भूमि बैंक कार्यक्रम संचालनका लागि उक्त कार्यक्रमको कार्यविधि २०७७ अनुसार कुनै व्यक्ति वा कृषकले आफुले कृषियोग्य जमिनमा कृषिकार्य गर्न नसकेको अवस्थामा गाउपालिकामा स्थापना भएको भूमि बैंकको जिम्मामा दिएका र बैंकले अन्य कृषक/लगानीकर्ता जग्गा उपलब्ध गराई कृषिलाई निरन्तरता दिनु पर्ने भएकाले रुपा इच्छुक लगानीकर्ताले उक्त कार्यक्रममा भाग लिन चाहेमा सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र रितपुर्वक तोकिएको ढाँचामा निवेदन र आवश्यक कागजात सहित गाउा कार्यपालिकाको कार्यलयमा पेश गर्नका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**आवश्यक कागजातहरू**

क) निवेदकको नेपाली नागरिकताको प्रतिलिपि ।

ख) निवेदन सहित लगानीकर्ताले के गर्न चाहेको भन्ने व्यहोरा खुलेको प्रस्तावना (न्यूनतम २ पाना) ।

**भूमि बैंकमा मौजात भएका जग्गा विवरण**

क) एउटै क्लस्टरमा सामुहिक वा व्यक्तिगत गरी न्यूनतम १५ रोपनी जग्गा।

ख) जग्गाको निकास तथा जग्गाको सिमाना स्पष्ट रूपमा छुट्टिएको ।

थप जानकारीका लागि रूपा गाउा कार्यपालिकाको कार्यालय वा कृषि विकास शाखामा सम्पर्क गर्नुहोला ।

# अनुसूचि ४

## करारपत्र ।

लिखितम् भूमी वैंकमा कायम रहेको जग्गा प्रयोग र प्रचलनको लागि सम्झौता गरि लिने दिनेको नाम गण्डकी प्रदेश कास्की जिल्ला रूपा गाउपालिकाको तर्फबाट प्रमुख प्रशासकिय अधिकृत (जसलाई यस कागजमा प्रथम पक्ष भनिनेछ) आगे, ................. वस्ने............ को नाती.............. को छोरा वर्ष.......का ................( दोश्रो पक्ष) वा (कम्पनी भए कम्पनीको पुरा नाम दर्ता ठेगना राख्ने) वीच प्रथम पक्ष रूपा गाउपालिकाको भूमी वैंकमा समावेश भएको ............. को स्वामीत्वमा रहेको ऐ. गाउपालिकाको वडा नं. .... कि.नं..... क्षे.फ.............. को जग्गा दोश्रो पक्षले ............... को उद्धेश्यका लागि उक्त जमिन प्रयोग प्रचलन र परिचालन गर्नका लागि करारमा लिन माग गरेकाले प्रस्तुत करार मुलुकी देवानी संहिता २०७४ वमोजिम तपशिल वमोजिमका शर्तहरू परिपालन गर्ने गरी करार गरि लियौ दियौं ।

करारका शर्तहरू :

१.

२.

३.

४.
५.
६. करारका पक्ष :
प्रथम पक्ष दोश्रो पक्ष

साक्षी :(नाम, थर, वतन,उमेर लेख्ने)
१.
२.
३.
इति सम्वत् २०.... साल .......महिना....गते रोज...शुभम्..........................................

आज्ञाले
प्रमुख प्रशासकीय अधिकृत